# नेपाल धितोपत्र बोर्ड(बोर्ड) को अध्यक्षको सिफारिस सम्वन्धी कार्यविधि, २०७६

बोर्डमा रिक्त अध्यक्ष पदमा नियुक्ती गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ बमोजिम सिफारिस गर्ने प्रयोजनको लागि यो कार्यविधि बनाइएको छ।

**१. दरखास्त आह्वानः**

बोर्डमा रिक्त अध्यक्ष पदपुर्तिका लागि उपयुक्त उम्मेदवारको सिफारिस गर्ने प्रयोजनका लागि १५ दिनको म्याद दिई अर्थ मन्त्रालय र धितोपत्र बोर्डको सूचना पाटीमा वा वेभसाइटमा २ पटक सूचना प्रकाशित गरिनेछ।

**२. न्यूनतम् शैक्षिक योग्यता, अनुभव, उमेर तथा अन्य मापदण्डः**

२.१. **न्यूनतम् शैक्षिक योग्यता र अनुभवः**

धितोपत्र सम्बन्धी ऐन, २०६३ मा उल्लेखित व्यवस्था समेतका आधारमा अध्यक्षको नियुक्त गर्नका लागि देहायका योग्यता र अनुभव भएका इच्छुक योग्य नेपाली नागरिकले आवेदन दिन सक्नेछन्।

२.१.१. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र वजार व्यवस्थापन पूँजीबजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन, वा कानून क्षेत्रमा कम्तिमा सात वर्ष काम गरेको लब्ध प्रतिष्ठित व्यक्ति,

२.२. **उमेरः** अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) मा रहेको व्यवस्था बमोजिम ३० वर्ष पूरा भई ६५ बर्ष ननाघेको।

२.३. **अन्य मापदण्डः**

नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) ले तोके बमोजिम नियुक्तिको लागि देहायको अयोग्यता नभएकोः

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्वन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) मानसिक सन्तुलन ठीक नभएको।

**३. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

३.१. शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना -इमेल, टेलिफोन, मोवाइल नम्वर, घर र कार्यालयको ठेगानासहितको विस्तृत बैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्तमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

३.२. नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुस्ट्याँई गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी दरखास्तसाथ पेश गर्नु पर्नेछ।

३.३. उम्मेदवारले आफ्नो दरखास्तसाथ ४ हजार शव्दमा नबढ्ने गरी तयार गरिएको नेपाल धितोपत्र बोर्ड सम्बन्धी कार्य योजना (Action Plan) चार प्रति पेश गर्नु पर्नेछ ।

**४. दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।**

४.१. कुनै राजनीतिक दलको सदस्य नभएको,

४.२. बोर्ड लगायत सार्वजनिक निकायको कुनै ठेक्का पट्टामा सम्झौता गरी वा नगरी काम गरिरहेको,

४.३. धितोपत्र वा वस्तु विनिमय वजारमा आफू वा आफ्नो परिवारको कुनै सदस्यको संलग्नता नभएको वा सो वजारसँग निजी स्वार्थ नरहेको,

४.४. आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकि नरहेको,

४.५. टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजायँ नपाएको एवं दामासहीमा नपरेको,

४.६. नियतबस बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालीसूचीमा नपरेको,

४.७. धितोपत्र सम्बन्धी ऐन, २०६३ अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन) सहित बमोजिम योग्य भएको तथा बोर्डबाट जारी अन्य निर्देशन अनुसार अयोग्य नरहेको ।

**५. अध्यक्षको लागि तोकिएको कार्यक्षेत्रगत शर्तहरुः**

अध्यक्षको कार्यक्षेत्रगत शर्तहरु (TOR), धितोपत्र सम्बन्धी ऐन, बोर्डबाट जारी निर्देशनहरु, एवं अन्य निर्देशन र सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**६. कार्य योजना पेश गर्नुपर्नेः**

६.१. आवेदकले कार्य योजना (Action Plan) तयार गर्दा निम्न बूँदाहरु समेत समावेश हुने गरी तयार गर्नु पर्नेछः

६.१.१. **पूँजीबजार तथा वस्तु विनिमय बजारको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्यः**

पूँजीबजार तथा वस्तु विनिमय बजारसम्बन्धी अन्तर्राष्ट्रिय परिदृश्य तथा नेपालको पूँजीबजार तथा वस्तु विनिमय बजारको अवस्थाको विश्लेषण, बोर्डको ऐतिहासिक पृष्ठभूमी, बोर्डको बिगत बर्षहरुको कार्यसम्पादन र वित्तीय विवरणहरुले देखाएको समग्र वित्तीय अवस्थाको विश्लेषणका आधारमा पूँजीवजार तथा वस्तु विनिमय बजारमा देखिएका सवल एवं दुर्वल पक्षहरु र सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान । पूँजीबजार तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिस्पर्धी र विस्वसनीय बनाई यसको क्षेत्र तथा दायरा फराकिलो पार्न अवलम्बन गर्नु पर्ने कानूनी, संस्थागत र संरचनागत सुधार । पूँजीबजार तथा वस्तु विनिमय बजार संचालन तथा नियमन प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन तथा पूँजीबजारमा साना र स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण हुने गरी ठूलो मात्रामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ताको प्रवेश गराउने ठोस योजना र कार्यक्रम । पूँजीबजारको विकास विस्तार र सुदृढीकरणमा देखिएका चुनौती र सुधारका उपाय । पूँजीबजार तथा वस्तु विनिमय बजारको लगानी, लगानीकर्ता, व्यवसाय र व्यवसायीको जोखिमांकन, कारोबारशुल्क, राफसाफ तथा फछर्यौट् कारोबारमा बोर्डको स्थान र भूमिकाको बिश्लेषण ।

६.१.२. **संस्थागत कार्य योजनाः**

बोर्डको संस्थागत सुशासन, Digitization, आधुनिकीकरण, सम्पत्ति व्यवस्थापन, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिबृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिबृद्धि, औद्यौगिक सम्बन्ध, मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र

श्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने विषयको पहिचान, बोर्डको रणनीतिक योजना, एवं समसामयिक सुधार गर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा पूँजीबजार तथा वस्तु विनिमय व्यवसायको गुणस्तरीय अभिबृद्धि गर्ने समयसारिणी सहितको व्यावसायिक कार्य योजना (Action Plan)।

६.२. तोकिएको शैक्षिक योग्यता र अनुभव भएका र कार्य योजना प्रस्तुतीका लागि छनौटमा परेका (Short Listed) आवेदकहरुले तोकिएको मिति र समयमा कार्य योजनाको प्रस्तुतीकरण गर्नु पर्नेछ।

६.३. प्रस्तुतिकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेद्वारले आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं आवेदनसाथ पेश गरेको अन्य कागजातहरुको सक्कल प्रति साथै लिई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनुपर्नेछ।

## ७. उम्मेदवारको मूल्यांकन सम्वन्धी अंक भारः

७.१. उम्मेदवारको मूल्यांकन सम्वन्धी अंकभार तपसिल बमोजिम कायम हुनेछः

| | | | | |
|---|---|---|---|---|
| ७.१.१. | संस्थागत कार्य योजना | – | ४० | अंक |
| ७.१.२. | शैक्षिक योग्यता | – | १० | अंक |
| ७.१.३. | कार्य योजनाको प्रस्तुतीकरण | | २० | अंक |
| ७.१.४. | अन्तर्वार्ता | – | ३० | अंक |
| | **जम्मा** | – | **१००** | **अंक** |

७.१.५. **कार्य योजना (Action Plan)** ४०

| कार्य योजनाका विषयवस्तु | | अंकभार |
|---|---|---|
| क. | पूँजीबजार तथा वस्तु विनिमय बजारको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्यः | ८ अंक |
| ख. | पूँजीबजारको विकास विस्तार | ८ अंक |
| ग. | कार्य योजना | १२ अंक |
| घ. | प्रक्षेपित अवस्थाको विश्लेषण | १२ अंक |

७.१.६. **शैक्षिक योग्यता** १०

| | |
|---|---|
| स्नातकोत्तर | ७ अंक |
| विद्यावारिधी | ३ अंक |

७.१.७. **कार्य योजना (Action Plan) को प्रस्तुतीकरण** २०

| प्रस्तुतीकरण | | अंकभार |
|---|---|---|
| क. | तर्कपूर्ण प्रस्तुति | ६ अंक |
| ख. | सिर्जनशीलता | ६ अंक |
| ग. | कार्य योजनाको स्पष्टता | ८ अंक |

७.१.८. **अन्तर्वार्ता** ३०

| | | अंकभार |
|---|---|---|
| क. | व्यक्तित्व | ५ अंक |
| ख. | आत्मविश्वास | ५ अंक |

| | | |
|---|---|---|
| ग. | विषयवस्तुको ज्ञान र उद्देश्यको स्पष्टता | १० अंक |
| घ. | तर्कपूर्ण प्रस्तुती एवं अभिव्यक्ति | ५ अंक |
| ङ. | उठाइएका सवालहरु सम्वोधन गर्न सक्ने क्षमता | ५ अंक |

**८. छनौटका आधार तथा प्रकृया:**

उम्मेदवार छनौटका लागि निम्न बमोजिमको प्रकृया अपनाइनेछः

८.१. उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको कार्य योजनाको मूल्यांकनमा उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारलाई छनौट (Short Listing) गरी कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिने छ।

८.२. उपदफा -८.१ अनुसार छनौट भएका उम्मेदवारहरु मध्ये कार्य योजनाको मूल्यांकन, कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतमा प्राप्त कूल अंकको आधारमा उच्चतम अंक प्राप्त गर्ने ३ जना उम्मेदवारको नाम वर्णानुक्रमानुसार सिफारिश गरिनेछ।

८.३. पाँचवटा भन्दा कम आवेदन परेमा उक्त आवेदनलाई कायमै राखी म्याद सकिएको ३ कार्यदिनभित्र थप ७ दिनको म्याद दिई आवेदन दिने सूचना प्रकाशित गरिनेछ। थप भएको म्यादभित्र समेत पाँचवटाभन्दा बढी आवेदन प्राप्त नभएमा जति आवेदन प्राप्त भएको छ सोही बमोजिम नै प्रकृया अगाडि बढाइने छ।

**९. कार्य योजना (Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता परीक्षण सम्वन्धी अन्य व्यवस्था:**

९.१. कार्य योजनाको परीक्षण ३ जना बिज्ञहरुबाट छुट्टाछुट्टै गोप्य रुपमा गराइने छ।

९.२. उपदफा -१ बमोजिम बिज्ञहरुको परीक्षणबाट प्राप्त अंकको आधारमा औषत (Average) अंक निकाली त्यसलाई कार्य योजना वापतको प्राप्तांकको रुपमा गणना गरिनेछ।

९.३. उपदफा -२ बमोजिम कार्य योजना वापतको प्राप्ताङ्कमा उम्मेदवारले प्राप्त गरेको प्रस्तुतीकरणको अंक, शैक्षिक योग्यता वापतको अङ्क र अन्तर्वार्ताको औषत अंक जोडेर अन्तिम अंक गणना गरिनेछ।

९.४. कार्य योजनाको मूल्यांकन प्रकृयामा गोप्यता कायम हुने गरी बिज्ञको सहयोग लिइने छ।